- - - - - लिमिटेड

# बैंकरको क्षतिपूर्ति बीमालेख
# (Banker's Indemnity Policy)

## प्रस्तावना

यो बीमालेख श्री … … … … … लिमिटेड (यसपछि बीमक भनिएको) र अनसूचीमा उल्लेख गरिएको बीमा गर्ने संस्था (यसपछि बीमित भनिएको) बीच भएको बीमा सम्बन्धी एउटा करार हो । अनुसूचीमा उल्लेख भए बमोजिम बीमितले बीमकलाई गरेको लिखित प्रस्ताव र घोषणा यो बीमालेखको आधार हुनेछ । बीमितले यस बीमालेखमा उल्लेख गरिएको बीमाको शर्त, बन्देज, व्यवस्था, अपवाद, सम्पुष्टि तथा अन्य बिषयको अधीनमा रही बीमाशुल्क भुक्तानी गरेको छ ।

यस बीमालेखमा उल्लेख गरिएको बीमाको शर्त, बन्देज, व्यवस्था, अपवाद, सम्पुष्टि तथा अन्य विषयको अधीनमा रही बीमकले बीमितलाई अनसूचीमा उल्लेखित कुनै धन द्रव्य वा धितोको रुपमा राखिएको सुरक्षणको अनुसूचीमा उल्लेखित बीमा गरिएको समयावधि भित्र वा नवीरकण भै कायम रहेको बीमा अवधि भित्र भएको कुनै प्रत्यक्ष हानी नोक्सानी वा क्षति उल्लेखित समयावधि भित्र पत्ता लागेमा यस बीमालेख अनुसार सो को क्षतिपूर्ति दिइनेछ ।

## १. परिभाषा (Definition)

**(क) धनद्रव्य (Money)**
यस बीमालेखमा प्रयोग गरिएको "धनद्रव्य" शब्दले बैंक नोट (हस्ताक्षर भएको वा नभएको मुद्रांकित पक्का कागज), सुनचाँदीका सिक्का, मुद्रा, सुनचांदीको लाप्सा, गरगहना, जवाहरात, टांचा नमारिएको हुलाक तथा राजस्व टिकट भन्ने सम्झनु पर्दछ ।

**(ख) सुरक्षण (Security)**
यस बीमालेखमा प्रयोग गरिएको सुरक्षण भन्नाले स्वीकृत हवाई प्रेषण पत्र, बैंक धनादेश, विनिमय पत्र (Bill of Exchange), बिल्टी वा मालपत्र, निक्षेपको प्रमाणपत्र, शेयर स्टकको प्रमाणपत्र, चेक, कुपन, डिवेञ्चर, डिमान्ड हुण्डि, एक्प्रेस हुलाक आदेश, बीमितले जारी गरेको मुद्दति निक्षेप पुर्जा, लरी पुर्जा, लरी टिकट, हुलाक रसिद, प्रतिज्ञापन पत्र (प्रमिसरी नोट), रेल्वे रसिद, टाइम ड्राफ्ट, गोदाम रसिद, मेल ट्रान्सफर, यात्रु चेक, ड्राफ्ट तथा विनिमय गर्न सकिने अन्य सम्पूर्ण लिखत तथा निस्साहरु (जुन कुनै धारक (Bearer) ले विनिमय गरेको भए ति अनभिज्ञ धारक बिरुद्ध त्यस सम्बन्धमा दाबी उजुरी गर्न सकिने थिएन) लाई सम्झनु पर्दछ ।

**(ग) कर्मचारी वा कामदार (Employee)**
यस बीमालेखमा प्रयोग गरिएको "कर्मचारी वा कामदार" भन्नाले बैंकका सम्पूर्ण कार्यालयहरुका स्थायी वा अस्थायी, पूर्णकालीन वा आंशिक करार, ज्यालादारी वा तालिमे (Intern) वा आउट सोर्सिङ् गरी काममा लगाइएका वा अन्य शर्तमा बहाल रहेका बैंकको पेरोल वा तलवी खातामा नाम रहेका सम्पूर्ण कर्मचारी वा कामदार (अधिकृत, सहायक वा तल्लो तहका कार्यालय सहयोग वा कामदार वा कारिन्दा) तथा सिकारुलाई सम्झनु पर्दछ ।

## २. रक्षावरण (Coverage)

यस बीमालेख अनुसार बीमकले देहायका अवस्थाहरुमा देहायका जोखिमहरुबाट भएको हानी नोक्सानी वा क्षतिको क्षतिपूर्ति वा हर्जाना प्रदान गर्नेछ ।

**(क) परिसरमा रहेको (On Premises) :**
बीमित जिम्मेवार रहेको वा निजको हित निहित रहेको वा बीमितले आफ्नो जिम्मामा राख्न कबुल गरेको र बीमाको अवधिभर जुनसुकै समयमा बीमितको आफ्नो परिसरमा (बीमितको घुम्ति कार्यालय, शाखा रहित कार्यालय र एटिएममा



समिति-२०७४

रहेका समेत) वा सो भित्र वा निक्षेपको कुनै सुरक्षित स्थानमा रहेको वा बीमितको बैंकरको परिसरमा रहेको वा व्यवसायको स्वभाविक काम वा कामको सिलसिलामा साटफेर, सटही, विनिमय गर्न वा रजिष्ट्रेसन गराउनको लागि निर्माणकर्ता वा बिक्रेताकहाँ तिनीहरुको कुनै प्रतिनिधि कहाँ वा तिनीहरुको साटफेर, सटही, विनिमय वा रजिष्ट्रेसनको कार्य गर्ने वा सो को प्रवन्ध मिलाउने काममा लगाइएको कुनै व्यक्तिकहाँ वा संस्थामा राखिएको वा जम्मा गरिएको कुनै धनद्रव्य वा धितोको रुपमा लिइएको सुरक्षण बीमितको कर्मचारी वा कामदार वा अन्य जुनसुकै व्यक्तिले गरेका आगलागी, चोरी, डकैती वा प्रतिरोध/बलजफ्तीको कारणबाट नासिए, क्षतिग्रस्त भए वा नष्ट हुन गएमा ।

**(ख) पारवहनमा रहेको (In Transit)**
बीमितको कर्मचारी वा कामदारको हेलचेक्र्याईं वा धोखापूर्ण कार्य वा अन्य कुनै कारणबाट त्यस्तो कर्मचारी वा कामदारको साथ लगाएर पारवहन (एक स्थानबाट अर्को स्थानसम्म स्थानान्तरण गर्ने कार्य) भइरहेको अवस्थामा कुनै धनद्रव्य वा धितो स्वरुप लिइएको सुरक्षण नष्ट भए, हराए, गलत स्थानमा राखिए वा हिनामिना भएको अवस्थामा ।

यस्तो धनद्रव्य तथा धितोको लागि राखिएका सुरक्षणहरुको रक्षावरण बीमितको तर्फबाट पारबहनका लागि खटिएका व्यक्तिले प्राप्त गरेको समयदेखि सो को निश्चित गन्तव्य स्थानमा हस्तान्तरण नभएको अवधि सम्मको लागि लागू हुनेछ ।

**(ग) जालसाजी वा हेरफेर (Forgery or Alteration)**
काउन्टरमा बुझेको वा क्लियरिङ् वा हुलाक/कुरियर बाट प्राप्त भएको नक्कली, काल्पनिक, जाली वा बनाएको चेक वा ड्राफ्ट, बीमितले जारी गरेको बास्तविक चेक वा यात्रु चेक वा दान उपहार दिएको चेक, मुद्दति निक्षेपको पूर्जामा जालसाजी रुपमा दरपिठ भएको वा त्यस्ता लिखत निस्साहरुमा विश्वास गरी भुक्तानी गरिएको अवस्थामा ।

**(घ) बेइमानी (Dishonesty)**
बीमितको कर्मचारी वा कामदारले एक्लै वा अन्य व्यक्ति संगको मिलेमतोमा गरेको बेइमानी वा आपराधिक कार्यबाट बीमितको धनद्रव्य वा धितोको लागि राखिएका सुरक्षणहरुको हानी नोक्सानी पुग्न गएको अवस्थामा ।

**(ङ) धितो/बन्धक राखिएको सामान (Hypothicated Goods)**
बीमित समक्ष धितो वा बन्धक राखिएका र बीमितको नियन्त्रणमा रहेका कुनै सामान वा बस्तुको सम्बन्धमा बीमितको कर्मचारी वा कामदारले गरेको धोखा वा बेइमानीयुक्त कार्यबाट सिर्जित हानी नोक्सानी ।

## ३. क्षतिपूर्तिको सीमा (Limitation of Indemnity)

कुनै प्रत्यक्ष हानी नोक्सानीको सम्बन्धमा यस बीमालेख अन्तर्गत दिइने क्षतिपूर्ति देहाय भन्दा बढि हुने छैन ।

(क) बीमितको कुनै कर्मचारी वा कामदारले एकल वा अन्य कर्मचारी वा कामदारसंग मिली संयुक्त रुपमा बीमितलाई हानी नोक्सानी हुने कुनै काम वा कामहरु गरेको वा नगरेको अवस्थामा एक बीमा अवधिभित्र एकल कार्य गरे नगरेको वा पटक पटक कार्य गरे वा नगरेको कारणबाट हुन गएको हानी नोक्सानीको सम्बन्धमा बीमा गरिएको रकम वा बीमांकमा नबढ्ने गरी क्षति वा हानी नोक्सानी भएको रकम ।

(ख) बीमाको कुनै एक अवधिमा भएको सम्पूर्ण हानी नोक्सानीको सम्बन्धमा माथिको प्रकरण (क) को व्यवस्थाको अधीनमा रही यस अन्तर्गत बीमा गरिएको रकमको दोब्बर रकम ।

## ४. प्रतिवन्धात्मक व्यवस्थाहरु (Provisos)

**(क) बीमितले ब्यहोर्नु पर्ने पहिलो अधिक रकम (Excess)**
रक्षावरण खण्डको प्रकरण क, ख, ग र ङ मा उत्पन्न हानी नोक्सानीको बीमितले अनुसूचीमा उल्लेख भए बमोजिमको पहिलो न्यूनतम अधिक रकम (एक्सेस) ब्यहोर्नु पर्नेछ । प्रकरण क मा उल्लेखित हरेक घटना र प्रकरण ग मा उल्लेखित कार्य तथा घटनाहरु मध्ये हरेक घटनाबाट उत्पन्न हानी नोक्सानीलाई भिन्नै हानी नोक्सानीको रुपमा लिइनेछ । बीमकले सुरुमै त्यस्तो रकम वा हानी नोक्सानी बापत भुक्तानी गरेको रहेछ भने बीमितले त्यस्तो अधिक (एक्सेस) रकम बीमकलाई फिर्ता गर्नु पर्नेछ ।

**(ख) पुनर्स्थापना (Reinstatement)**

यो बीमालेखको अवधिभर बीमा सुरक्षण बीमा गरिएको भिन्ना भिन्नै रकमको अधिकतम सीमासम्म कायम राखिनेछ र सोही कुरालाई आधार मानी प्रस्तुत बीमालेख अन्तर्गत कुनै हानी नोक्सानीको अन्तिम छिनोफानो भै सकेपछि बाँकी बहाल अवधिको लागि बीमितले समानुपातिक बीमाशुल्क रकम बीमकलाई भुक्तानी गरी दाबी रकमले कम हुन आएको बीमांक रकम पहिलेको सीमासम्म हुने गरी बीमकलाई बाँकी अवधिको लागि थप बीमाशुल्क भुक्तानी गर्नु पर्नेछ । त्यस्तो थप बीमाशुल्क रकम बीमालेख बमोजिम भुक्तानी गर्नुपर्ने खुद दाबी रकमबाट घटाइनेछ । अधिकतम सीमाको यो अविछिन्न परिधि भित्र बीमकले कुनै हानी नोक्सानीको लागि भुक्तानी गरिसकेको भए पनि र हानी नोक्सानी पत्ता लागिसकेपछि उल्लेखित थप बीमाशुल्क रकम वास्तविक रुपमा भुक्तानी भइसेको भए वा नभए जे भए पनि उपलब्ध हुनेछ । यो प्रकरणमा गरिएको व्यवस्थाको स्पष्ट मनसाय अनुसार एउटै वा छुट्टा छुट्टै मितिमा उत्पन्न हानी नोक्सानीका लागि गरिएका छुट्टा छुट्टै दाबीहरुको संख्या उल्लेखित बमोजिमको कुनै हानी नोक्सानीको छिनोफानो गर्दा थप बीमाशुल्क कट्टा गरेर मात्र भुक्तानी पाउने बीमकको अधिकार हुनेछ । तर बीमकको दायित्व कुनै एक अवधिमा बीमा गरिएको सम्बन्धित रकमको दोब्बर सम्म मात्र र कुनै एउटा ब्यक्तिले कुनै कार्य गरे वा नगरेबाट उत्पन्न हुने नोक्सानीको सम्बन्धमा बीमा गरिएको सम्बन्धित रकमको अधिकतम सीमासम्म मात्र सीमित रहनेछ ।

**(ग) बीमा सुरक्षणको भूत प्रभावी अवधि (Retro-Active Period of Cover)**

देहायका कुराहरुको लागि बीमक उत्तरदायी हुनेछैन :

१. यस बीमालेखको अवधिभित्र पत्ता नलागेको हानी नोक्सानी

२. यो बीमालेख रद्द गरिएको वा नवीकरण नगरिएको अवस्थामा बीमा अवधि समाप्त भएको वा रद्द गरिएको मितिले छ महिना भित्र पत्ता नलगाएको कुनै हानी नोक्सानी

तर उक्त छ महिनाको अवधिभित्र कायमै रहने गरी बीमित वा अन्य बीमा अन्तर्गत बीमित वा अन्य कुनै ब्यक्तिबाट अन्य कुनै बीमा गरिएको रहेछ भने यो बीमालेखको ब्यवस्था त्यस्तो अन्य बीमा अन्तर्गत पर्ने कुनै हानी नोक्सानीको सम्बन्धमा लागू हुने छैन । साथै त्यस्तो हानी नोक्सानीको सम्बन्धमा यस बीमालेख अन्तर्गत कुनै क्षतिपूर्ति दिइने छैन ।

३. कुनै हानी नोक्सानी पत्ता लागेमा उक्त हानी नोक्सानी पत्ता लागेको मितिबाट बढिमा दुई बर्ष अघिको अवधि (भूत प्रभावी अवधि) भित्र उक्त हानी नोक्सानी सिर्जना गर्ने घटना घटेको हुनु पर्दछ ।

तर त्यस्तो भूत प्रभावी अवधिमा बीमा अविच्छिन्न रुपमा लागू भएको हुनुपर्नेछ । कुनै पनि अवस्थामा बीमालेख प्रारम्भमा जारी भएको मिति अगाडी भएको कुनै हानी नोक्सानीको सम्बन्धमा क्षतिपूर्ति दिन बीमक बाध्य हुनेछैन ।

**(घ) सुरक्षणहरुको मूल्यांकन (Valuation of Securities)**

कुनै हानी नोक्सानीको मूल्यांकन गर्दा त्यस्तो हानी नोक्सानी पत्ता लागेको दिन (शनिबार र सार्वजनिक बिदाको दिन बाहेक) को बजार मूल्य वा भाउको नेपाली रुपैंयाको हिसावमा सुरक्षणहरुको मूल्य निर्धारण गरिनेछ । त्यस्तो दिनमा त्यस्ता सुरक्षणहरु वा ति मध्ये कुनैको बजार मूल्य वा भाऊ नभएको अवस्थामा सम्बन्धित पक्षहरु बीच सहमति भई स्वीकृत भएको मूल्य नै तिनको मूल्य मानिनेछ । साथै सम्बन्धित पक्षहरु बीच सो सम्बन्धमा मतभिन्नता उत्पन्न भएमा मध्यस्थता बाट छिनोफानो गरिनेछ ।

## ५. बीमालेखले नसमेट्ने अवस्थाहरु (Exception)

यस बीमालेख अर्न्तगत देहायको अवस्थामा बीमकले दावी भुक्तानी गर्ने छैन :

(क) देहायका घटनाहरुको कारणबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा हुन गएको कुनै हानी नोक्सानी

(अ) भूकम्प, ज्वालामुखी वा भूमिगत (पृथ्वीको सतहमुनी) आगलागी वा अरु कुनै प्राकृतिक प्रकोप (Convulsion)

(आ) बाढी, जलगग्न, आंधीबेहरी, हुरी बतास वा अरु कुनै बातावरणीय उथलपुथल

(इ) युद्ध, आक्रमण, बिदेशी शत्रुको कारबाही वा कुनै युद्ध सरहको कारवाही (घोषित वा अघोषित) वा गृहयुद्ध

(ई) सैनिक बिद्रोह, उपद्रव, क्रान्ति वा शक्ति अपहरण वा जंगी कानून वा घेराबन्दी स्थितिको घोषणा

उपरोक्त कुनै पनि घटनाहरुको कारणबाट उत्पन्न असामान्य स्थिति (भौतिक वा अन्य) को अवस्थामा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले भएको हानी नोक्सानी यस बीमालेख अर्न्तगत पर्नेछैन । बीमकले कुनै हानी नोक्सानी यस बीमालेख पर्दैन भनी कुनै कारबाही वा मुद्दा वा अरु कार्यविधि अपनाएको अवस्थामा यस प्रकारको हानी नोक्सानी यस बीमालेख अन्तर्गत पर्दछ भन्ने कुरा प्रमाणित गर्ने अभिभारा बीमितको हुनेछ ।

(ख) बीमितको तलवी कर्मचारी वा कामदार बाहेक सञ्चालक वा साझेदारहरुवाट हुन गएको गलत कार्य वा भूलको कारणले हुन गएको पूरा वा आंशिक हानी नोक्सानी ।

(ग) हानी नोक्सानी हुनु भन्दा अगावै बीमितबाट सांकेतिक वा न्यूनतम मूल्य र बिवरण सुनिश्चित नगरिएका बीमितको जिम्मामा राखिएका कुनै धनद्रव्य, धितोको लागि लिइएको सुरक्षण वा बैयक्तिक सम्पत्तिको हानी नोक्सानी ।

(घ) बीमित वा अरु कसैको नाममा गरिएको र बीमितको जानकारीमा रहेको वा नरहेको जे भएता पनि बास्तविक वा काल्पनिक ब्यापारबाट उत्पन्न हुन गएको प्रत्यक्ष वा अप्रत्यक्ष हानी नोक्सानी तथा सो ब्यापारको सम्बन्धमा वा सो को हिसाव किताव बिवरण राख्ने सम्बन्धमा कर्मचारी वा कामदारले कुनै काम गरेको वा नगरेको कारणबाट उत्पन्न हानी नोक्सानी ।

(ङ) (अ) यस बीमालेखमा सुरक्षण गरिएको जोखिम/अवस्था बाट भएको क्षति/हानी नोक्सानीको परिणामस्वरुप सिर्जना भएको क्षति/हानी नोक्सानी (Consequential Loss) ।

(आ) आणबिक हातहतियार वा तत्सम्बन्धी पदार्थ, आणबिक बिकिरण वा आणबिक इन्धन वा आणबिक इन्धनको ज्वलनपछि शेष रहेको बेकम्मा पदार्थबाट निस्कने रेडियो सक्रियताको संसर्गबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपले भएको कुनै क्षति/हानी नोक्सानी वा सो बाट सिर्जित कुनै किसिमको कानूनी दायित्व ।

(च) बीमितको आफ्नै वा निजले अरु कुनै ब्यक्तिसंग करार सेवाको आधारमा वा अन्य कुनै तवरबाट हक हिस्सा राखेको कुनै कम्प्युटरबाट गलत कम्प्युटर प्रोगाम वा कर्मचारी वा कामदारले वा बाहिरी कुनै ब्यक्तिले कम्प्युटर प्रोगामको धोखापूर्ण प्रयोगबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा उत्पन्न हानी नोक्सानी ।

(छ) कुनै कर्मचारी वा कामदार बदनियत राखी संलग्न भएको कुनै हानी नोक्सानी पत्ता लागिसकेपछि त्यस्तो सम्बन्धित कर्मचारी वा कामदारले कुनै कार्य गरेको वा नगरेको कारणबाट उत्पन्न हानी नोक्सानी ।

## ६. शर्तहरु (Conditions)

**(क) सूचना (Notice)**

यस बीमालेख अन्तर्गत दिइने वा गरिने प्रत्येक सूचना वा पत्र ब्यवहार बीमकको कार्यालयमा लिखित रुपमा दिनु वा गर्नु पर्नेछ ।

**(ख) झुठ्ठा वयान (Misdescription)**

यस बीमालेख अन्तर्गत बीमा गरिएको सम्पत्ति वा सो सम्पत्ति रहेको कुनै भवन वा स्थानको बारेमा बीमित/प्रस्तावकले आफूलाई जानकारी भएको बिषयमा मूलभूत बिवरण दिंदा झुठ्ठा बिवरण दिएमा वा जोखिम बिश्लेषण गर्नको लागि आवश्यक पर्ने बास्तविकता लुकाई झुठ्ठा कुरा उल्लेख गरेमा वा बास्तबिकताको उल्लेख गर्दा कुनै बस्तुगत तथ्य छुट हुन गएमा वा यदि कुनै जालसाजी भएमा वा बीमित वा बीमितको तर्फबाट काम गर्ने ब्यक्तिले यस बीमालेख अन्तर्गत कुनै लाभ उठाउने उद्देश्यले जालसाजीबाट हानी नोक्सानी हुन गएमा यस बीमालेख अन्तर्गत दाबी भुक्तानी हुनेछैन ।

**(ग) सावधानी (Reasonable Care)**

बीमितले बीमा गरिएको सम्पत्तिलाई कुनै दुर्घटना, हानी नोक्सानी वा क्षतिबाट बचाउनको लागि पर्याप्त सावधानी अपनाउनु पर्दछ । सबै बीमा गरिएको सम्पत्ति राखिएको परिसरको सबै झ्यालढोका तथा अन्य निकासहरु मजबुत राख्न तथा परिसर/कोठाहरुको सुरक्षणको लागि समेत सम्पूर्ण मनासिव उपायहरु अपनाउनु पर्नेछ ।

**(घ) लेखापरीक्षण (Audit)**

बीमितको लेखा तथा अन्य स्रेस्ताहरु प्रत्येक बर्ष रजिष्टर्ड लेखापरीक्षबाट लेखापरीक्षण गराउनु पर्नेछ ।

**(ङ) बीमालेखको खारेजी (Cancellation Clause):**

१. बीमकले बीमितको अन्तिम ठेगानामा हुलाकबाट रजिष्ट्री गरी पठाएको पन्ध्र दिनको सूचनाद्धारा यो बीमालेख खारेज गर्न सक्नेछ र यस अवस्थामा बीमकले बीमितलाई यो बीमालेख खारेज भएको मितिले बाँकी अवधिको समानुपातिक बीमाशुल्क फिर्ता गर्नेछ ।

२. बीमितले बीमकलाई पन्ध्र दिनको सूचना दिई बीमालेख रद्द गर्न सक्नेछ । यस अवस्थामा बीमालेख कायम रहेको अवधिको निमित्त देहाय बमोजिमको छोटो अवधिको दरले हुन आउने बीमाशुल्क रकम कट्टी गरी बांकी बीमाशुल्क बीमकले फिर्ता गर्नेछ ।

| अवधि | बार्षिक बीमाशुल्कको प्रतिशत |
|---|---|
| एक हप्तासम्म | दश प्रतिशत |
| एक महिनासम्म | बीस प्रतिशत |
| दुई महिनासम्म | तीस प्रतिशत |
| तीन महिनासम्म | चालिस प्रतिशत |
| पाँच महिनासम्म | साठी प्रतिशत |
| छ महिनासम्म | सत्तरी प्रतिशत |
| सात महिनासम्म | असी प्रतिशत |
| आठ महिनासम्म | नब्बे प्रतिशत |
| आठ महिना भन्दा बढिको लागि | शत प्रतिशत |

तर बीमाशुल्क फिर्ता हुने प्रयोजनको लागि बीमालेख कायम रहेको अवधिभर कुनै दाबी नभएको हुनु पर्नेछ ।

**(च) दाबी सम्बन्धी कार्यविधि (Claim Procedure)**

यस बीमालेख अन्तर्गत कुनै दाबीको सिर्जना भएको वा हुन सक्ने कुनै घटना उत्पन्न भएपछि बीमितले

१. प्रहरी कार्यालयमा तत्कालै दरखास्त दिनु पर्नेछ र हराए नासिएको सम्पत्ति प्राप्त गर्न तथा अभियुक्त वा दोषी ब्यक्तिलाई पक्राउ गर्नको लागि सबै सम्भव उपायहरु अवलम्बन गर्नु पर्नेछ । साथै निजको बिरुद्ध उपयुक्त बिभागीय कारबाही गर्नु गराउनु पर्नेछ ।

२. यस्तो दाबीको सूचना तत्कालै बीमकलाई दिनु पर्नेछ र त्यसपछि यथासम्भव छिटो बीमितले आफ्नै खर्चमा हानी नोक्सानी वा क्षति भएको रकमको बिस्तृत बिवरणको साथै बीमकले मनासिव रुपमा माग गर्न सक्ने दाबी प्रमाणित गर्ने सबै प्रमाण तथा स्पष्ट बिवरण बीमक समक्ष पेश गर्नु पर्नेछ ।

**(छ) हिसाव किताव स्रेस्ताको जांच (Examination of Books of Accounts)**

बीमितलाई कुनै हानी नोक्सानी पुगेको खण्डमा बीमकले चाहेको बखत बीमकको प्रतिनिधिले त्यस्तो हानी नोक्सानीको परिस्थितिको अध्ययन, परीक्षण गर्न पाउने छ र बीमकले माग गरेपछि बीमितले आफूसंग वा आफ्नो जिम्मामा रहेको सो हानी नोक्सानी क्षति संग सम्बन्धित वा सो संग सम्बन्धित हुन सक्ने टिपोटहरु, भएका सबै स्रेस्ता, हिसाव किताव विवरण, पूर्जा वा निस्सा र कागजातहरु पेश गर्नु पर्नेछ । त्यस्ता दाबीसंग सम्बन्धित वा उक्त दाबीको सत्यतथ्य पत्ता लगाउन वा यस बीमालेख बमोजिम बीमकको दायित्व निर्धारण गर्न कुनै किसिमबाट बीमकलाई सहयोगी हुन सक्ने बीमकबाट माग गरिएका सम्पूर्ण कागजात एवं दस्तावेजहरुको प्रतिलिपी तथा बिवरण पेश गर्नु पर्नेछ ।

**(ज) पुन: प्राप्त गर्ने अधिकार (Right to Recoveries)**

कुनै कर्मचारी वा कामदारले बदनियत राखी कुनै कार्य गरेको वा नगरेको कारणबाट परेको दाबी भुक्तानी गर्नु पर्दा त्यस्तो कामदारलाई बीमितले तिर्नु बुझाउनु बांकी कुनै पनि रकम भएमा दाबी भुक्तानी गर्नु पर्ने रकमबाट त्यस्तो रकम कट्टा गरिनेछ । दाबी भुक्तानी गर्दा बीमकले उक्त कामदार वा कर्मचारीको हात वा कब्जामा रहेको तथा निजको अधिकार अन्तर्गत पर्न आउने चल, अचल धनमाल, सम्पत्ति वा सामानबाट असुल उपर गरी रकम भुक्तानी गर्न प्राथमिकता दिनेछ ।

दाबी गरिएको कुनै पनि सम्पत्तिको प्राप्तिको लागि बीमकले आफ्नो वा बीमितको नामबाट सबै उपायहरु अवलम्बन गर्न पाउनेछ र बीमितले बीमकलाई उक्त कार्यमा आवश्यक सहयोग गर्नुको साथै सम्बन्धित सम्पूर्ण सूचनाहरु उपलब्ध गराउनु पर्नेछ । बीमितले छिनोफानो गरिने सम्पत्ति उपरको निजको कानूनी एकाधिकार रहेको प्रमाण पनि बीमक समक्ष प्रस्तुत गर्नुपर्नेछ ।

कुनै दाबीको छिनोफानो गरिसकेपछि प्राप्त गरिएको कुनै धनमाल बीमकको सम्पत्ति मानिनेछ । तर बीमकले भुक्तानी गरेको रकम भन्दा बढी रकमको हकमा यो व्यवस्था लागू हुने छैन ।

(झ) <u>प्रत्यासन (Subrogation)</u>
बीमितले यस बीमालेख अन्तर्गत क्षतिपूर्तिको भुक्तानी प्राप्त गर्दा सो क्षति/हानि नोक्सानीको अन्य कुनै पक्षबाट क्षतिपूर्ति प्राप्त गर्न सक्ने रहेछ भने त्यस्तो क्षतिपूर्ति प्राप्त गर्ने अधिकार बीमकलाई सुम्पनु पर्नेछ । बीमकबाट क्षतिपूर्ति पाउनु अगावै वा पछि जुनसुकै बखत पनि बीमकले मनासिव र आवश्यक देखेको काम कारवाही बीमकको खर्चमा बीमितले गर्नु पर्नेछ वा सो गर्न बीमकलाई अनुमति दिनु पर्नेछ ।

(ञ) <u>योगदान (Contribution)</u>
यदि यो बीमालेखले सुरक्षण प्रदान गर्ने कुनै क्षतिको सम्बन्धमा अन्य बीमाले पनि सुरक्षण प्रदान गरेको रहेछ भने बीमकले यस सम्बन्धी समानुपातिक रकम भन्दा बढी भुक्तानी गर्न बाध्य हुने छैन ।

(ट) <u>जालसाजी (Fraud)</u>
दावी जालसाजीपूर्ण भएमा वा बीमितले कुनै जालसाजीपूर्ण तरिका वा उपाय अवलम्वन गरेमा वा निजको तर्फबाट कसैले अनुचित फाइदा लिन खोजेमा वा सुनियोजित तवरबाट कुनै विध्वंश वा हानी नोक्सानी वा क्षति पुऱ्याएमा वा बीमितको सुविधाको लागि कुनै कार्य गरेमा यो बीमालेख अनुसारको सम्पूर्ण फाइदाहरु जफत गरिनेछ ।

(ठ) <u>मध्यस्थता (Arbitration)</u>
यो बीमालेख अन्तर्गत भुक्तानी गर्नुपर्ने परिमाण, बीमालेखको शर्त, सुविधा तथा अपबाद आदिमा कुनै किसिमको बिवाद हुन आएमा बीमा ऐन, २०४९ तथा अन्य प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

(ड) <u>पालना गर्नु पर्ने (Observance of Terms & Conditions):</u>
यस बीमालेख अन्तर्गत पालना गर्नुपर्ने वा पूरा गर्नुपर्ने शर्त, वन्देज वा बीमालेखमा समावेश गरिएका सम्पुष्टिहरु बीमितको हकमा केहि गर्नुपर्ने वा पालना गर्न बाध्यकारी हुने अवस्थामा तथा प्रस्ताव फाराममा उल्लेखित भनाईको सत्यता यस बीमकको बीमालेख दायित्वको आधार हुनेछ ।



बीमा समिति-२०६१ Insurance Board

- - - - लिमिटेड

# बैंकरको क्षतिपूर्ति बीमालेख
# (Banker's Indemnity Policy)

अनुसूची

| | |
|---|---|
| बीमालेख नं. : | बीमालेख प्रस्ताव मिति : |
| बीमालेख जारी मिति र समय: | बीमालेख जारी भएको स्थान : |
| बीमितको नाम : | |
| बीमितको ठेगाना : | |
| फोन नं. : | फ्याक्स नं. : |
| इमेल : | पो.ब.नं. : |
| बीमालेख अवधि : मिति ... ... देखि मिति ... ... सम्म (रातको १२ बजे) | |
| अभिकर्ताको कोड नं. : | |
| रक्षावरण गरिएका अवस्था तथा जोखिमहरु | |
| (१) आधारभूत बीमांक (रक्षावरणको बुंदा नं. (क) देखि (ङ) सम्म) | रु. ... |
| (२) थप बीमांक (रक्षावरणको बुंदा नं. (क) को लागि) | रु. ... |
| (३) थप बीमांक (रक्षावरणको बुंदा नं. (ख) को लागि) | रु. ... |
| (४) एटिएममा राखिएको अधिकतम नगद | रु. ... |
| **बीमाशुल्क गणना :** | |
| **अधिक (एक्सेस/डिडक्टिवल)** | |
| **सम्पुष्टिहरु :** | |

बीमकको तर्फबाट
आधिकारिक दस्तखत